नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना, भार्नुमा

## पुराना मेशेनरी तथा जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०२/०७ गते ।**

सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना, भार्नुमा रहेका तपसिल बमोजिमका मेशेनरी तथा जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक नेपाली ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना मेशेनरी तथा जिन्सी सामानहरुको बिवरण | पुराना मेशेनरी तथा जिन्सी सामानहरुको तौल के.जी.मा | न्यूनतम प्रति के.जी. जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलाम आईटम | ९४२.५ के.जी. | १४१३७५ | ३००/- | |
| २ | पितल आईटम | ४.४५ के.जी | १५५७/५ | ३००/ | |
| ३ | प्लाष्टिक आईटम | २७९.३० के.जी. | ३३५१/७० | ३००/ | |
| ४ | काठ आईटम | ३० के.जी. | ९००/- | ३००/ | |
| ५ | टिन आईटम | १०९.७९ के.जी. | ९८८/११ | ३००/ | |
| ६ | सिल्भर आईटम | ३८.६७ के.जी. | ३०९४/- | ३००/ | |
| ७ | ब्याट्री आईटम | ११२७ एम्पीएर | २४७९४/ | ३००/ | |

बोलपत्र फाराम श्री जिल्ला प्रशासन कार्यालय दमौली तनहूं र सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना, भार्नुमा बाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६/०२/२१ गते) को कार्यालय समय भित्र प्रत्येक सि.नं को छुट्टाछुट्टै बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम १६ औं दिन (मिति २०७६/०२/२२ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना, भार्नुमा दर्ता गराई सक्नु पर्नेछ. दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरीनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं. २३ गण हे.क्वा. मनकामना, भार्नुको कार्यालय कोड नं. ४३-३१४-१० को कोष तथा लेखा नियन्त्रक कार्यालय, दमौली तनहुं नेपाल बैक लिमिटेड दमौली शाखा कार्यालय दमौली तनहूंको धरौटी खाता नं. ०६००२००००००००३००००१७ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी मेशेनरी तथा जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित मेशेनरी तथा जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०६५-५८०१५४ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:- www.apf.gov.np** मा समेत राखिएको छ ।